सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश
०७८-WO-०२७०
विषयः-उत्प्रेषण।

अधिवक्ता डा. गणेश रेग्मी ------------------------------------------------------------ निवेदक

विरुद्ध

सर्वोच्च अदालत रामशाह पथ काठमाडौं समेत ------------------------------------- विपक्षी

निवेदक अधिवक्ता डा. गणेश रेग्मी तथा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शुशिल पन्त, श्री बालकृष्ण नेउपाने, विद्वान अधिवक्ताहरु श्री यादव ढुंगाना, श्री कृष्णप्रसाद पौडेलले गर्नु भएको भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? विषयवस्तुको गम्भिरता समेतलाई बिचार गर्दा थाम्न थमाउन नपाउने गरी माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५ दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत् लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू ।

साथै निवेदकले अन्तरिम आदेश माग गरेको प्रसङ्गमा प्रस्तुत निवेदनमा मुलत संविधानको धारा १३७(१) बमोजिम गठन हुने संवैधानिक इजलासमा प्रधान न्यायाधीश अनिवार्य उपस्थित हुनुपर्ने हो होइन? संविधानको धारा १२९(६) बमोजिमको अवस्थामा संवैधानिक इजलासका वरिष्ठतम न्यायाधीशले कायममुकायम प्रधान न्यायाधीश भई संवैधानिक इजलास सञ्चालन हुन सक्छ सक्दैन? भन्ने विषयमा निक्यौंल गर्नु पर्ने देखियो।

उल्लेखित निक्यौंल गर्नु पर्ने विषयलाई संविधानको धारा २० (९) र १२६ समेतको परिप्रेक्ष्यमा सम्बन्धित निवेदनमा कस्तो अवस्थामा संवैधानिक इजलासमा रहनु हुने प्रधान न्यायाधीश र न्यायाधीशहरु बाहिरिन सक्नु हुन्छ भन्ने प्रसङ्गलाई कमन ल प्रणाली अन्तर्गत विकास भएका स्वच्छ सुनुवाईका सिद्धान्तहरु नेपालको संविधान निर्माणको क्रममा संवैधानिक

Scanned with CamScanner

अदालतको गठनको प्रसङ्गमा संविधानको धारा १३७ अन्तर्गत स्थापना गरेको संवैधानिक इजलास संवैधानिक-राजनैतिक प्रकृतिका मुद्दाहरु हेर्ने र प्रधान न्यायाधीश सहित पाँच जना न्यायाधीशले सामुहिक रुपमा निर्णय गर्ने विषयमा उक्त कमन ल प्रणाली अन्तर्गत विकास भएका स्वच्छ सुनुवाईका सिद्धान्त अर्थात नेपालको संविधानको धारा २० र १२६ का मान्यताहरु कुन रुपमा आकर्षित हुन्छन भन्ने हेरिनु पर्ने देखियो।

निवेदकले अदालतमा बिचाराधिन मुद्दामा इजलास बाहिरबाट प्रभाव पार्ने कामका सम्बन्धमा उठाइएका विषयहरु मुलतः यस अदालतमा चली रहेको मुद्दामा पूर्व प्रधान न्यायाधीश र न्यायाधीशहरुले सार्वजनिक गर्ने अभिव्यक्ति, बार एशोसिएसनले गर्ने संस्थागत निर्णय तथा इजलासमा बहस गर्न आउने वा बहस गरी सकेका कानून व्यवसायीहरुले सम्बन्धित मुद्दाको निर्णयका सम्बन्धमा गर्ने सार्वजनिक बहसहरुलाई अभिव्यक्तिको स्वतन्त्रता तथा न्यायिक संस्कृतिको परम्परा र विकासका सम्वन्धमा कसरी हेर्ने भन्ने विषयमा पनि हेर्नु पर्ने देखियो।

प्रस्तुत विषयहरु यस निवेदनको प्रयोजनको निमित्त महत्वपूर्ण भएको र उक्त विषयहरुको निक्यौंल गरेर मात्र निवेदकले निवेदनमा उठाएका हाल संवैधानिक इजलासमा चली रहेको संविधानको धारा २८४ बमोजिम संवैधानिक परिपद्मा सदस्य रहने प्रधान न्यायाधीश समेत संलग्न भई संवैधानिक निकायको नियुक्तिसंग सम्वन्धित प्रधान न्यायाधीश उक्त इजलासमा बस्ने वा नबस्ने भन्ने विषय समेतलाई टुङ्गो गरी संवैधानिक इजलासका सम्बन्धित मुद्दाहरु निर्णय गर्नु पर्ने देखिंदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मुद्दाहरुको सुनुवाई नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी आजै विपक्षीहरुलाई दिनुहोला।

साथै प्रस्तुत विषय राष्ट्रिय महत्वको देखिंदा लिखित जवाफ परेको तेस्रो दिनमा पेशी चढाई संवैधानिक विषय र महत्व समेतलाई मध्यनजर गरी सर्वोच्च अदालत बार एशोसिएसनबाट दुई जना र नेपाल बार एशोसिएसनबाट दुई जना वरिष्ट अधिवक्ताहरुलाई अदालतको सहयोगीको रुपमा उपस्थित गराई दिन अनुरोध गरी यसै विषयसंग सम्बन्धित रिट निवेदन ०७८-WO-०२६९ नं. को रिट निवेदन समेत साथै राखी पेश गर्नुहोला।

न्यायाधीश

इति संवत् २०७८ साल भदौं १७ गते रोज ५ शुभम् --------------------------------।

Scanned with CamScanner